# जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
प्रदेश नं. २, नेपाल

फोन नं. ५२०५२०, ५२०१४६
फ्याक्स नं. ५२०५१०
Web Site:- janakpurmun.gov.np


पत्र संख्या :- २०७८/७९
चलानी नं.:- १५२५

मितिः-२०७८/११/०३

सूचना । सूचना ।। सूचना ।।।

**विषयः प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनको लागि इच्छुक बेरोजगारहरुबाट आवेदन फारम भर्ने सम्बन्धी सुचना ।**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ ( दोस्रो संशोधन ,२०७८ सहित ) को दफा को उपदफा (१) बमोजिम आगामी आर्थिक वर्ष २०७९/०८० मा जनकपुरधाम उप-महानगरपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरबाट बन्चित महिला, आदिवासी जनजाति, दलित, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका बेरोजगार व्यक्तिहरुले आफु स्थाई बसोवास गरेको वडा कार्यालय तथा **यस जनकपुरधाम उप-महानगरपालिकामा रोजगार सेवा केन्द्र कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ ( दोस्रो संशोधन ,२०७८ सहित )** को अनुसुचि १ बमोजिमको ढाँचामा २०७८ साल फागुन मसान्त सम्ममा फारम भर्न सबैमा जानकारीको लागि अनुरोध छ।

**आवश्यक कागजातहरु**

१. निवेदकको नागरिकताको प्रतिलिपि १ प्रति
२. निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति
३. निवेदक सहितको परिवारका सम्पर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं. , जारी जिल्ला , जारी मिति,सम्पर्क नं. र वार्षिक परिवारिक आय अनिवार्य उल्लेख गर्नुपर्ने छ।
४. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता वा अन्य सरकारी सुविधा लिए /नलिएकाको विवरण अनिवार्य भर्नुपर्ने छ।
५. सम्बन्धित वडाको स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको फोटोकपी ( नागरिकता,बसाई सराइ, विवाह दर्ता , सही छाप आदि)
६. निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ।

.............................
प्रद्युम्न प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत